

**बालमैत्री शिक्षा : नारा कि यथार्थ ?**

नरेन रिजाल ३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

वर्ष-२१ | अंक - १७१ | २०८३ असार १६ गते मंगलबार | Tuesday, 30 June, 2026 | मूल्य ७ /-

## प्रधानमन्त्रीले तलब भत्ता नलिने



**दमक/** प्रधानमन्त्री बालेन शाहले राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनका लागि चितवनमा बिताएका चार दिनको सरकारी तलब र भत्ता नलिने भएका छन् । रास्वपाको महाधिवेशनमा सहभागी हुन सपरिवार चितवन पुगेका प्रधानमन्त्री शाहले दलीय काममा खर्चिएको समयको आर्थिक भार राज्यको ढुकुटीमा पर्न नदिने नयाँ अभ्यासको थालनी गरेका हुन् ।

व्यक्तिगत वा पार्टीको काममा खर्टिँदा जनताले तिरेको करबाट सुविधा नलिने उनको यो कदम नेपाली राजनीतिक इतिहासमै सम्भवतः पहिलो हो ।

यो निर्णयले वर्षौंदेखि रोग बनेर बसेको बाँकी 8 पेजमा ▸▸

## दुई शव फेला

**दमक/** देशका छुट्टाछुट्टै स्थानमा दुई जनाको शव फेला परेको छ । काठमाडौंको दक्षिणकाली नगरपालिका-६ दक्षिणकाली मन्दिर छेउमा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ५० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । यसैगरी पाँचथरको याङवरक गाउँपालिका-५ बस्ने ३९ वर्षीया देवी माया मग्राती सोही ठाउँस्थित खोल्सामा सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

## होल्डिङ सेन्टरबाट तामाङ पक्राउ

**दमक/** सुकुम्वासीलाई राखिएको कीर्तिपुरस्थित होल्डिङ सेन्टरबाट एक जना पक्राउ परेका छन् । सार्वजनिक शान्तिविरूद्धको कसुर गरेको आरोपमा प्रहरीले भोजपुरको अरूण गाउँपालिकाका ३९ वर्षीय डम्बर तामाङलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार तामाङलाई सार्वजनिक शान्ति खलल पुऱ्याएको मुद्दामा अनुसन्धान अघि बढाउन जिल्ला अदालतमा म्याद थपका लागि पेश गरिएको छ ।

## विष्णु पौडेललाई ३ दिनको म्याद थप

**दमक/** नेकपा एमालेका उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णु पौडेललाई थप ३ दिनको म्याद थपिएको छ । आज विशेष अदालतका सदस्यहरु न्यायाधीश नारायणप्रसाद पौडेल र हेमन्त रावल र उमेश कोइरालाको संयुक्त इजलासबाट ३ दिनको म्याद थप गरिएको हो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धानको सिलसिलामा गत ८ गते सुर्खेतबाट पक्राउ गरिएका पौडैललाई यसअघि ९ गते ७ दिनको म्याद थपिएको थियो ।

### देशभर २३ औं राष्ट्रिय धान दिवस मनाइयो

# कृषिमा अझै छैन आत्मनिर्भरता

- धेरै फलाउने नाममा हाइब्रिड बीउका कारण नेपालको रैथाने बीउ हराउँदै ।
- करोडौको धान, चामल आयात भइरहेको तथ्यांक ।

बिमल लामिछाने



**दमक/**नेपालमा 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नाराका साथ २३ औं राष्ट्रिय धान दिवस तथा दही-चिउरा खाने पर्व मनाइयो । तर, यो वर्षपनि धान दिवश केवल औपचारिकतामा मात्रै सिमित हुन पुग्यो ।

दुई दशकभन्दा लामो समयदेखि सरकारले यो दिवस मनाउँदै आए पनि प्रमुख खाद्यान्न बालीका रूपमा रहेको धान, चामल र यसको बीउमा मुलुकको परनिर्भरता झन् गहिरिँदै गएको देखिएको छ ।

भन्सार विभाग र कृषि मन्त्रालयको तथ्यांकलाई मसिनो गरी केलाउने हो भने नेपाली कृषि अर्थतन्त्रको दयनीय अवस्था र सरकारी दाबीबीचको ठूलो खाडल अझै कायमै रहेको पाइन्छ । आर्थिक वर्ष २०८१/८२ मा नेपालमा हालसम्मकै उच्च ५९ लाख ५५ हजार मेट्रिक टन धान उत्पादन भएको सरकारी दाबी थियो, तर सोही वर्ष देशमा झन्डै ४० अर्ब १८ करोड रूपैयाँ बराबरको धान, चामल र बीउ आयात भएको तथ्यांक छ । यसै गरी चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिनाको अवधिमा मात्रै १८ अर्ब ९५ करोड २४ लाख रूपैयाँको चामल, १७ अर्ब २३ करोड ७२ लाख रूपैयाँको धान र १ अर्ब २९ करोड ९४ लाख रूपैयाँको बीउ नेपाल भित्रिसकेको तथ्यांक छ ।

कृषि मन्त्रालयको यो तथ्यांकले प्रतिव्यक्ति वार्षिक १३८ केजी चामल खपत भएको देखाउँछ । यस आधारमा नेपालको ३ करोड जनसंख्याका लागि ४१ देखि ४२ लाख टन चामल मात्र पर्याप्त हुन्छ । यस्तो अवस्थामा झन्डै ६० लाख टन धान उत्पादन हुँदा पनि अर्बौंको आयात भइरहनुले चामल माथिपनि घोटाला भएको त छैन भन्ने आशंका श्रृजना गरेको छ ।

यद्यपि, सरकारी अधिकारीहरु भने उत्पादनको तथ्यांमा शंका गर्नुपर्ने ठाउँ नरहेको दाबी गर्छन् । कृषि विभागका महानिर्देशक प्रकाश कुमार सन्जेल खेतमै गएर प्रत्यक्ष मापन गरिने हुनाले उत्पादकत्व प्रतिहेक्टर ४ दशमलव २ मेट्रिक टन रहेको तथ्यांक सही भएको बताउँछन् । उनका अनुसार आयात बढेको देखिनुमा केवल उपभोग मात्र कारण नभएर छिमेकी मुलुकले निर्यातमा सहुलियत दिंदा व्यापारीले गर्ने पूर्व-भण्डारण, मदिरा उद्योग जस्ता गैरखाद्य औद्योगिक क्षेत्रमा हुने चामलको प्रयोग र भन्सार विवरणमा हुने प्राविधिक त्रुटिहरु जिम्मेवार भएको बताउँछन् ।

धान र चामलको आयातसँगै नेपालको आˆनै माटो सुहाउँदो बीउ उत्पादन गर्न नसक्दा बीउकै नाममा बर्सेनि ठूलो धनराशी विदेशिने क्रम तीव्र बनेको छ । आर्थिक वर्ष २०७९/८० मा ७५ करोड ६३ लाख र २०८०/८१ मा ८८ करोड ६६ लाख रूपैयाँको बीउ आयात भएकोमा गत आर्थिक वर्ष २०८१/८२ मा यो रकम बढेर १ अर्ब १६ करोड ६६ लाख रूपैयाँ पुगेको थियो, जसअन्तर्गत २५ सय ७० टनभन्दा बढी बीउ भित्रिएको देखिन्छ । इतिहासमै सबैभन्दा बढी आर्थिक बाँकी 8 पेजमा ▸▸

## भ्रष्टाचार अभियोगमा नौ जनाविरुद्ध मुद्दा दायर

**दमक/** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नयाँ पर्यटन गन्तव्य पहिचान गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा भ्रष्टाचार भएको अभियोगमा बझाङको दुर्गाथली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतलगायत नौ जनाविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । सो कार्यक्रमका लागि आर्थिक वर्ष २०७५र७६ को स्वीकृत कार्यक्रम अन्तर्गत मन्दिर निर्माणका लागि निकासा भएको रकम हिनामिना गरेको पाइएको छ । आयोगले गरेको अध्ययन अनुसार छवीसपाथीभेरा गाउँपालिका-६ स्थित बाँठपाली देवता मन्दिर निर्माणका लागि ४५ लाख बराबरको रकम विनियोजन भएको थियो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलको बजेट तथा कार्यक्रमसहितको पत्रबमोजिम निकासा लिने, खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र बेरूजु फछ्र्यौट समेतको जिम्मेवारी दुर्गाथली गाउँपालिकालाई दिइएको थियो ।

स्वीकृत लागत अनुमान ५६ लाख सात हजार ८९७ मध्ये उपभोक्ता सहभागिता ११ लाख सात हजार ८९७ र कन्टिन्जेन्सीतर्फ दुई लाख २५ बराबरको बजेट थियो ।

बाँकी 8 पेजमा ▸▸

### घट्दो जनसंख्याको चिन्ता:

# तेस्रो सन्तानलाई नगद प्रोत्साहन

दमक । स्थानीय तहहरूले घट्दो जनसंख्या रोक्न नगद प्रोत्साहनका कार्यक्रम ल्याउन थाले पनि यस्ता योजनाले जन्मदर बढाउन कत्तिको प्रभाव पार्छ भन्ने विषयमा प्रश्न उठेको छ । विज्ञहरूका अनुसार केही हजार रूपैयाँको प्रोत्साहनभन्दा रोजगारी, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र आर्थिक स्थायित्वजस्ता आधारभूत विषयले परिवारको सन्तान जन्माउने निर्णयलाई बढी प्रभाव पार्छ ।

जनसंख्या वृद्धिदर घट्दै जानु, युवाको तीव्र बसाइँसराइ र श्रमशक्ति अभावको चुनौती सामना गरिरहेका केही स्थानीय तहले आगामी आर्थिक वर्षका लागि सन्तान जन्माउने परिवारलाई नगद वा बचत प्रोत्साहन दिने नीति सार्वजनिक गरेका छन् ।

पाँचथरको फिदिम नगरपालिका-२ ले दुईभन्दा बढी सन्तान जन्माउने दम्पतीका लागि एक लाख ८० हजार रूपैयाँ बजेट विनियोजन गरेको छ । आर्थिक वर्ष २०८३/८४ भित्र तेस्रो सन्तान जन्माएर जन्मदर्ता गराउने परिवारले प्रोत्साहन रकम पाउनेछन् । जनसंख्या ऋणात्मक बन्दै गएको र तीव्र बसाइँसराइका कारण यस्तो योजना ल्याइएको जनाइएको छ । यद्यपि, दीर्घकालीन अध्ययनबिनै लोकप्रियताका लागि कार्यक्रम ल्याइएको भन्दै यसको आलोचना पनि भइरहेको छ।

यस्तै, पाल्पाको रामपुर नगरपालिकाले तेस्रो र त्यसपछिका प्रत्येक सन्तानका लागि पाँच वर्षसम्म मासिक ५०० रूपैयाँ उपलब्ध गराउने नीति ल्याएको छ । नगरपालिकाले घट्दो जनसंख्या, युवा पलायन र भविष्यको श्रमशक्ति बाँकी 8 पेजमा ▸▸

## सांसदका स्वकीयले पारिश्रमिक पाउने

**दमक/** कोशी प्रदेश सरकारले प्रदेश सांसदका स्वकीय सचिवको पारिश्रमिक रोकिएको मितिदेखि नियमित रूपमा दिने निर्णय गरेको छ । कोशी प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषदको बैठकले स्वकीय सचिवहरूको पारिश्रमिक नियमित गर्ने निर्णय गरेको हो । जेन्जी आन्दोलनपछि यस प्रदेशका स्वकीय सचिवहरूको पारिश्रमिक रोकिएको थियो ।

त्यस्तै बैठकले प्रदेश योजना आयोगको रिक्त सदस्य पदमा बराह क्षेत्र नगरपालिका २ सुनसरीका अनिल थापालाई नियुक्त गर्ने निर्णय गरेको छ । प्रदेश खेलकुद पहिलो संशोधन अध्यादेश २०८३ लाई प्रतिस्थापन गर्न बनेको विधेयकलाई प्रदेशसभामा पेश गर्न स्वीकृत पनि दिइएको छ ।

### शासकीय सुधारका लागि रास्वपाका चार एजेन्डा

# संविधान संशोधन गर्ने प्रतिबद्धता

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले देशको शासकीय प्रणालीमा सुधार ल्याउने उद्देश्यसहित संविधान संशोधनका चार प्रमुख एजेन्डा अघि सारेको छ । पार्टीको प्रथम महाधिवेशनबाट पारित सभापति रवि लामिछानेको राजनीतिक प्रतिवेदनमार्फत यी प्रस्तावहरु अनुमोदन भएका हुन् । रास्वपाले जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, गैरदलीय विशेषज्ञहरूको राष्ट्रिय सभा तथा प्रदेश संरचनाको पुनर्संरचना गर्ने प्रस्ताव अघि सारेको छ ।

पार्टीका अनुसार प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्थाले सरकारको अस्थिरता अन्त्य गर्दै स्थिर नेतृत्व र स्पष्ट जिम्मेवारी सुनिश्चित गर्नेछ । त्यस्तै, हालको खर्चिलो निर्वाचन प्रणालीको सट्टा सबै वर्ग, समुदाय र क्षेत्रको समान प्रतिनिधित्व सुनिश्चित गर्ने पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने प्रस्ताव गरिएको छ ।

रास्वपाले राष्ट्रिय सभालाई राजनीतिक दलका नेताहरूको व्यवस्थापन गर्ने थलोका रूपमा नभई गैरदलीय विज्ञ तथा विशेषज्ञहरूको सभाका रूपमा विकास गर्नुपर्ने धारणा पनि अघि सारेको छ । साथै, राष्ट्रिय सभाको अध्यक्षता उपराष्ट्रपतिले गर्ने व्यवस्था गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

त्यसैगरी, वर्तमान प्रदेश सभा र प्रदेश सरकारको संरचना खर्चिलो तथा बाँकी 8 पेजमा ▸▸

## विद्यार्थी संगठनका संरचना हटाउन त्रिविको निर्देशन

**दमक/** त्रिवि शिक्षाध्यक्षको कार्यालय अन्तर्गतको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले सम्पूर्ण विभागीय प्रमुखहरूलाई पत्र जारी गर्दै संरचना हटाउन निर्देशन दिएका छ । त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले आफ्ना सम्पूर्ण विभागहरूबाट दलीय विद्यार्थी संगठनका भौतिक तथा साङ्गठनिक संरचनाहरू हटाउने प्रक्रिया अगाडि बढाएको हो । विश्वविद्यालय अनुदान आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनात्मक पत्रका आधारमा त्रिविले यो बाँकी 8 पेजमा ▸▸

असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**NMC-COOP**
**प्रधान कार्यालय, मेचीनगर-६, काँकरभिट्टा**

**सूचीकरणका लागि आवेदन आह्वान**

प्रथम पटक प्रकाशित मिति : २०८३।३।१५

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.(एनएमसी) को कर्पोरेट कार्यालय तथा संस्थाद्वारा सञ्चालित विभिन्न व्यवसायहरुका लागि आर्थिक वर्ष २०८३।०८४ मा तपशिलमा उल्लेखित बस्तु तथा सेवाहरु उपलब्ध गराउने व्यक्ति, फर्म वा कम्पनीहरुले संस्थामा सूचीकरणका लागि आवश्यक कागजात सहित निवेदन पेस गर्नहुन यो सूचना आह्वान गरिएको छ ।

**सूचीकृत हुने क्षेत्रहरु :**

१) **सूचना तथा सञ्चार सेवाहरु :** छापा मिडिया, एफएम, अनलाइन, टिभी साथै विज्ञापन एजेन्सीसँग सम्बन्धित कार्यहरु

२) **मसलन्द सामग्री बिक्री तथा छपाई :** संस्थाका लागि आवश्यक मसलन्द सामग्री बिक्री तथा छपाई सँग सम्बन्धित कार्यहरु

३) **इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामग्री :** संस्थालाई आवश्यक पर्ने कप्युटर, प्रिन्टर, इनभर्टर, बेट्रि जस्ता इलेक्ट्रोनिक तथा अन्य इलेक्ट्रिकल्स सामाग्रीहरु

४) **फर्निचर सामग्री आपूर्ति तथा निर्माणकर्ता :** संस्थाका लागि चियर, रिभल्भिङ चियर तथा अन्य तयारी फर्निचर सामग्री, आलमुनियम पार्टेशन, प्लाइ बोर्ड पार्टेशन र अन्य इन्टेरियर कार्यहरु

५) **फ्लेक्स प्रिन्ट तथा डिजिटल बोर्ड :** संस्थाका लागि आवश्यक फ्लेक्स प्रिन्ट तथा डिजिटल बोर्ड प्रयोजनार्थ सूचीकरण तथा नवीकरणका लागि आह्वान गरिन्छ ।

६) **विमा सम्बन्धी सेवाहरु :** नगद विमा, भवन विमा, स्टक विमा, सवारी विमा, बचतकर्ता विमा, कर्जा विमा तथा सामुहिक विमा सम्बन्धी सेवाहरु

७) **कृषि औजार तथा सामग्री :** संस्था अन्तर्गत सञ्चालित विभिन्न व्यवसायका लागि आवश्यक कृषिजन्य सामग्रीहरु जस्तै: मल, बिउबिजन, मल्चिङ प्लाष्टिक, प्लाष्टिक ट्रे, च्याउको बिउ, औषधि तथा विषादी, गाई, माछा र हाँसको दाना, कोकोपिट, साइलेज प्लाष्टिक सप्लाई गर्ने सप्लायर्सहरुलाई सूचीकृतका लागि आह्वान गरिन्छ ।

८. **फायर एक्सटिङग्युसर उपकरण :** संस्था अन्तर्गत सञ्चालित विभिन्न व्यवसायका लागि आवश्यक फायर एक्सटिङग्युसर उपकरण सप्लायर्सहरुलाई सूचीकृतका लागि आह्वान गरिन्छ ।

९) **होटल, रेस्टुरेन्ट तथा पार्टी प्यालेस :** यस संस्थाको आन्तरिक प्रयोजन तथा बाह्यबाट पाल्नुहुने आगन्तुकहरुलाई बस्न तथा खानाका साथै संस्थाले नियमित रुपमा आयोजना गर्ने तालिम तथा कार्यक्रमरु सञ्चालन गर्न सूचीकृत हुन आह्वान गरिन्छ ।

**पुनश्च :**

१. माथि उल्लिखित बस्तु तथा सेवासँग सम्बन्धित सूचीकरणका लागि आफुले उपलब्ध गराउने सेवाहरुको विस्तृत विवरण सहित सुचिकरणका लागि निवेदन, व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण प्रमाणपत्र र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी संस्थाको कर्पोरेट कार्यालय मेचीनगर-६, काँकरभिट्टा मा दर्ता गर्न सकिनेछ वा संस्थाको आधिकारीक इमेल ठेगाना : corporateoffice@nmc.coop.np पठाउन सकिनेछ ।

२. संस्थाले उल्लेखित बस्तु तथा सेवा खरिद गर्दा सूचीकृत भएका फर्म तथा कम्पनीलाई कोटेशन सम्बन्धी इमेल पठाइनेछ ।

३. सूचीकरण लागि आवेदन पेस गर्ने अन्तिम मिति : २०८३ असार ३० विहिबार कार्यालय सम्म तोकिएको छ ।

**थप जानकारीका लागि सम्पर्क : ९८५२६८९६५० (कर्पोरेट प्रशासन विभाग)**

**- कर्पोरेट कार्यालय**

# सम्पादकीय

## जनअपेक्षा पूरा गर्नु सरकारको दायित्व

वर्तमान सरकारले आफ्नो कार्यकालको सय दिन पूरा गर्न अब करिब एक साता मात्र बाँकी छ । यस अवधिलाई सुशासन, आर्थिक सुधार, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहको आधार वर्षका रुपमा व्याख्या गरे पनि सरकारी तथ्यांकको चमक र आम नागरिकले दैनिक जीवनमा महसुस गरेको गहिरो निराशाबीच अझै ठूलो खाडल देखिन्छ ।

कागजी प्रगति ६७ प्रतिशत पुगेको दाबी गरिरहँदा सडक, बजार र भान्सामा त्यसको सकारात्मक कम्पन महसुस हुन नसक्नु नै वर्तमान सरकारको मुख्य चुनौती हो । सरकारले पहिलो सय दिनमा प्रशासनिक सुधार र प्रविधिमैत्री सेवाको नारा दिए पनि मुलुकको आर्थिक धरातल अझै शिथिल छ । बजारमा आर्थिक मन्दी कायमै छ, उद्योग-व्यवसायहरु सुस्त छन्, निर्माण व्यवसायीहरुले काम गरेबापतको भुक्तानी पाउन सकेका छैनन् । देशभित्र रोजगारीको अभाव हुँदा युवाहरुको वैदेशिक पलायन रोकिने कुनै संकेत देखिएको छैन । अर्कोतर्फ, भ्रष्टाचार नियन्त्रणका ठूला र चर्चित फाइलहरुमा सतही अनुसन्धान सुरू भए पनि तिनलाई तार्किक निष्कर्षमा पुऱ्याउने राजनीतिक इच्छाशक्तिको खडेरी स्पष्ट देखिन्छ । सरकारी कार्यालयहरुमा सर्वसाधारणले भोग्नुपर्ने ढिलासुस्ती र सास्ती आज पनि उस्तै छ ।

यद्यपि, सरकारले केही क्षेत्रमा नीतिगत सुधारका साहसिक प्रयास नगरेको भने होइन । पछिल्लो समय चर्चामा आएको प्रस्तावित 'सवारी तथा यातायात व्यवस्था विधेयक' यसको एउटा बलियो उदाहरण हो । सरकारले ट्राफिक नियम उल्लंघन गर्ने चालकमाथि हदैसम्मको जरिवाना प्रस्ताव गरेको छ, जस्तै मादक पदार्थ सेवन गरेमा २५ देखि ५० हजार, मोबाइल प्रयोग गरेमा १० हजार र हेल्मेट नलगाए ३ हजार रूपैयाँ । सडक दुर्घटना न्यूनीकरण र अनुशासनका लागि कडा कानुन आवश्यक भए तापनि नेपालको सामाजिक-आर्थिक बनोट र मध्यमवर्गीय नागरिकको क्रयशक्तिलाई विचार गर्दा यो आर्थिक दण्ड कत्तिको व्यावहारिक होला भन्ने गम्भीर बहस सुरू भएको छ । डेलिभरी ब्वाइ, साना व्यवसायी र श्रमजीवी वर्गका लागि यति ठूलो जरिवाना न्यायसंगत देखिँदैन । कानुनले सचेतना र सुधारको मार्ग प्रशस्त गर्नुपर्छ, नागरिकलाई आतंकित बनाउने वा जरिवानालाई नै राज्यको आम्दानीको स्रोत बनाउने उद्देश्य राख्नु हुँदैन ।

तर, यही विधेयकको अर्को पाटो भने अत्यन्तै स्वागतयोग्य र रुपान्तरणकारी छ । नेपालको इतिहासमा पहिलोपटक राज्यका जिम्मेवार निकायलाई नै दण्डित गर्ने प्रस्ताव विधेयकमा समेटिएको छ । सडकको खाल्डो २४ घण्टाभित्र नपुरे सडक विभाग वा नगरपालिकालाई एक लाख, ट्रायल पास गरेको सात दिनभित्र लाइसेन्स नदिए यातायात कार्यालयलाई एक लाख, र स्ट्रिट लाइट नबाले विद्युत प्राधिकरणलाई ५० हजार रूपैयाँसम्म जरिवाना गर्ने जस्ता प्रावधानले नागरिकलाई ठूलो राहतको आशा जगाएको छ । वर्षाको पानी जमेर सडक डुबाउने निकायलाई ५ लाख र एम्बुलेन्सलाई बाटो नदिए ट्राफिक प्रहरीलाई नै २ लाख जरिवाना गर्ने प्रस्तावले राज्यलाई नागरिकप्रति जवाफदेही बनाउने नवीनतम् प्रयासको संकेत गर्छ । तर यसको ब्यवहारिक पाटो भने धेरै जटिल देखिन्छ ।

कागजी ड्यासबोर्डमा देखिने प्रतिशतले मात्र सरकार सफल भएको मान्न सकिँदैन । सरकारले ल्याएका यातायात सम्बन्धी नयाँ नीतिहरुमा नागरिकमाथि लादिने अव्यावहारिक जरिवानालाई पुनर्विचार गर्दै परिमार्जन गर्न आवश्यक छ, तर राज्यका निकायलाई जवाफदेही बनाउने प्रावधानलाई भने कडाइका साथ लागू गरिनुपर्छ । अबको बाँकी अवधिमा सरकारले केवल तथ्यांकको अंकगणितमा रमाउने भन्दा पनि आर्थिक मन्दी हटाउन, रोजगारी सिर्जना गर्न र सरकारी ढिलासुस्ती अन्त्य गरेर नागरिकको दैनिक जीवनमा वास्तविक परिवर्तनको अनुभूति गराउन सक्नुपर्छ ।


**मनकामना डेन्टल केयर**
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
**Dr. Nabin Kant Chaudhary**
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415


# बालमैत्री शिक्षा : नारा कि यथार्थ ?



✍ नरेन रिजाल



बालबालिकाको अधिकार, सर्वोत्तम हित, सुरक्षा र अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै उनिहरूको उमेर, रुची क्षमताअनुसार वातावरण तयार गर्ने पद्धती वा दृष्टिकोणलाई बालमैत्री भनिन्छ । त्यसै गरि बालबालिकाको रुची, क्षमता र मनोविज्ञानलाई मध्यनजर गरेर डर, त्रास र सजायमुक्त वातावरणमा रमाइलोसँग दिइने ब्यवहारिक तथा गुणस्तरिय शिक्षालाई बालशिक्षा भनिन्छ । जसले उनीहरूको शारिरिक, मानसिक, वौद्धिक वा संवेगात्मक विकासमा जोड दिन्छ ।

बालमैत्री र बालशिक्षालाई सन्दर्भको रूपमा समावेश गर्दैगर्दा समाज, राज्य, सामाजिक अगुवा, विद्वान वा शिक्षालाई आफ्नो पेशागत कर्म बनाएर त्यसमा जीवन बिताउने शिक्षकलाई बालमैत्री शिक्षा के हो ? कसरी प्रयोग गरिन्छ ? किन गरिन्छ ? भनेर प्रश्न गर्ने हो भने यसको सिमितलाई बाहेक अधिकांशलाई ज्ञान नहुन सक्छ किनभने हाम्रो समाजको बनावट, सामाजिक मतभेद, एकले अर्कोलाई हेर्ने र गर्ने व्यवहार अझै पनि अब्यवहारिक र पुरातन नै छ । हुन त हामी आफुलाई २१ औं शताब्दीका आधुनिक, शिक्षित र सभ्य समाजका मानव ठान्छौं तर व्यवहारमा धेरै पछाडी छौं । तपाईं शिक्षित हुनुहुन्छ, आफूलाई विद्वान ठान्नुहुन्छ तर तपाईंको मानसिक चेतना सैदान्तिक रूपमा विकास भए पनि व्यवहारिक रूपमा प्रयोग सुन्य छ ।

जतिसुकै आधुनिक बालमैत्री शिक्षाको नारा दिएर संचालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरू पनि प्रयोगात्मक रूपमा बालमैत्री बन्न सकेका छैनन् साथै बाल शिक्षालाई उनिहरुको शारिरीक, मानसिक, बौद्धिक, संवेगात्मक विकासमा पहुँच पुग्ने किसिमको शिक्षा अवलम्बन गरिएको पाइँदैन । विद्यालयको गेट अगाडि राखिएका बालमैत्री शिक्षा सँग सम्बन्धित बोर्डहरू केवल देखावटीमात्र बन्न पुगेका छन् ।

देशका शिक्षा निकायका बुद्धिजिवी, हिमायतीहरुले भन्ने गरेको पाइन्छ कि हामी बालबालिकाको सर्वाङ्गिण विकासमा जोड दिएर उनीहरूको मानसिक, शारिरीक, बौद्धिक क्षमतालाई भविश्यमा सुनिश्चित गर्ने गरि दह्रो खम्बा तयार गर्दैछौं तर त्यसका लागि हामी कुन घरातलमा उभिएका छौं ? आधार के छ ? पुर्वाधार विनाको सर्वाङ्गिण विकासले विदेश पलायनलाई प्रमुख प्राथमिकता दिनु बाहेक अन्य प्रगती भएको भए जस्तो लाग्दैन ।

तपाई अभिभावक( तपाईंको बालबच्चालाई तपाईले बालमैती घरायसी शिक्षा दिन भएको छ ? उसले नैतिक शिक्षा, संस्कार, आचरण, उसको रूची क्षमता अनुसारको ब्यवहारिक ज्ञान पाएको छ? वा छैन ? ठन्डा दिमागले सोच्नुहोस् । यहि टोल, समाज, शहरका बालबालिकाहरूलाई दिइने शिक्षा, गरिने व्यवहार बालमैत्री बनेन भने हाम्रो टोल, समाज, शहर वातावरण मैत्री बन्नसक्छ ?

शिक्षाबाट कहिँ कोही कतै पनि बञ्चित हुनु नपरोस यो राज्यको नारा हो । नारा सहि हो तर व्यवहारमा छैन । आज पनि शहरका गल्लीहरूमा स्कुल जाने उमेरका बालबच्चाहरू भेटिन्छन् । मन्दिरका छेउ छाउमा माग्नेको रूपमा भेटिन्छन् । बसपार्कमा झोला बोक्ने कुल्लीको रूपमा भेटिन्छन् । तिनीहरुको जिम्मा कसले लिने ? त्यसैले नारा यथार्थ बन्नु पर्छ । नारा साधन बन्नु पर्छ । त्यसकारण ठाउँठाउँमा राखिएका बालमैत्री, बालशिक्षा, बालक्लब सम्बन्धि सूचना बोर्डहरूले दिन खोजेका सन्देशहरू विज्ञापनका लागि मात्र नभएर आचरण सुधार्ने र अनुसरण योग्य हुनु पर्छ ।

"बालमैत्री शिक्षा आजको आवश्यकता, बालमैत्री शिक्षा भविश्यको सुनिश्चितता " लाई अवलम्बन गर्ने हो भने राज्यका हरेक निकायको उत्तिकै जिम्मेवारी आवश्यक छ । हरेक ब्यक्ति, संघसंस्था आदीको कर्तब्य र उत्तरदायित्व बराबरी हुन्छ । बाल(बालिकाको बाल अधिकार, बालमनोविज्ञान र बालरूचिको विषयलाई प्राथमिकतामा राखेर कुसल ब्यवस्थापन क्षमतामा विकास गर्ने हो भने बालमैत्री र वातावरण मैत्री समाजको निर्माण गर्न सकिन्छ । जसका लागि सर्वाङ्गिण विकासमा जोड, सुरक्षित र स्वस्थ वातावरण, भेदभावमुक्त व्यवहार, दण्डरहित शिक्षा, भेदभावरहित समाज, बाहिरी आडम्बरको नक्कल नगरी आफ्नो मौलिक पहिचानलाई प्राथमिकता दिएर स्वतन्त्र र पक्षपात रहित बाल अधिकारको प्रयोग भएको खण्डमा हामीले चाहे जस्तो बालमैत्री शिक्षा उपलब्ध हुन सक्छ ।

*दमक, झापा*

# परदेशको पसिना, आत्मसम्मानको कथा



✍ सरोज बास्तोला



जीवनका सबै सपना आफ्नै रोजाइका हुँदैनन् । केही सपना परिस्थितिले लेखिदिन्छ, केही रहर बाध्यताले अधुरै छोडिदिन्छ । मेरो जीवन पनि त्यस्तै कथामध्ये एक हो ।

म निम्न आर्थिक अवस्थाको परिवारमा हुर्किएको मान्छे । बाल्यकाल अभावमै बित्यो । न राम्रोसँग पढ्ने अवसर पाइयो, न आर्थिक अवस्था उकास्ने कुनै व्यवसाय गर्ने वातावरण नै बन्यो । परिवारको गर्जो टार्ने, भाइबहिनी र घरको भविष्य जोगाउने एउटै विकल्प देखियो–विदेश । त्यसैले कलिलो उमेरमै मनमा हजारौं रहरहरू थाती राखेर खाडीको बाटो रोजें ।

हेर्दाहेर्दै विदेशिएको पनि दुई दशक नाघिसकेछ । उमेरले चालीस पार गरिसक्यो । छोराछोरी हुर्किए, परिवार अघि बढ्यो, तर म अझै कतारमै छु । कहिलेकाहीँ लाग्छ, समय धेरै अघि बढिसक्यो, तर मेरो जीवनको घडी भने परिवारको भविष्यसँगै कतै रोकिएर बसेको छ । अझै कति वर्ष यही मरुभूमिमा बित्ने हो, थाहा छैन ।

विदेशिनु कसैको रहर हुँदैन, धेरैको बाध्यता हुन्छ । त्यसैले विदेश बसेकोमा गर्व गर्न सकिँदैन, तर आत्मग्लानि पनि छैन । किनभने मैले आफ्नो परिवारका लागि गरेको संघर्षलाई कमजोरी होइन, जिम्मेवारी ठानेको छु । नेपालमा देखेको राजनीतिक अस्थिरता, बेरोजगारी, कुशासन र अवसरको अभाव सम्झँदा कहिलेकाहीँ लाग्छ–घरभन्दा टाढा भए पनि कम्तीमा श्रमको सम्मान गर्ने ठाउँमा त छु । कमाइ धेरै वा थोरै जे भए पनि मेहनतको मूल्य पाउने वातावरण आफैंमा ठूलो कुरा हो ।

कतार बसाइले मलाई रोजगारी मात्र दिएन, जीवनका केही अविस्मरणीय अवसर पनि दियो । सन् २००६ मा दोहामा आयोजित १५औं एसियन गेम्सबाट सुरु भएको मेरो स्वयंसेवक यात्राले लुसाइल सुपर कप हुँदै सन् २०२२ को फिफा विश्वकपसम्म पुग्ने सौभाग्य प्राप्त गऱ्यो । संसारकै सबैभन्दा ठूलो फुटबल महोत्सवमा स्वयंसेवकका रूपमा काम गर्न पाउनु एउटा साधारण नेपाली श्रमिकका लागि कल्पनाभन्दा बाहिरको उपलब्धि थियो ।

अल रायनस्थित ४४ हजारभन्दा बढी दर्शक अट्ने सुन्दर एजुकेशन सिटी रंगशालामा आठवटा सिफ्ट काम गर्दा बटुलेका अनुभव आज पनि मनमा ताजै छन् । कहिले मुख्य प्रवेशद्वारमा उभिएर विश्वभरिबाट आएका दर्शकलाई स्वागत गर्ने अवसर मिल्यो, कहिले खेलाडी र समर्थकबीच रहेर आफ्नो जिम्मेवारी पूरा गर्ने मौका । प्रत्येक सिफ्टमा फरक टोली, फरक टोली-नेता र फरक जिम्मेवारीले नयाँ सिकाइ दियो । विश्वकपको उत्साह, दर्शकहरूको उमंग र स्वयंसेवकका रूपमा त्यो ऐतिहासिक क्षणको साक्षी बन्न पाउनु जीवनकै अविस्मरणीय उपलब्धिमध्ये एक बन्यो ।

एजुकेशन सिटी रंगशालामा भएको पहिलो खेल डेनमार्क र ट्युनिसियाबीच थियो भने अन्तिम खेल ब्राजिल र क्रोएसियाबीचको क्वार्टरफाइनल । टिकट जाँचदेखि दर्शकलाई आवश्यक जानकारी दिने, समस्या समाधान गर्न सहयोग गर्ने र खेल सफल बनाउन आफ्नो सानो भूमिका निभाउँदा आफू केवल एउटा श्रमिक होइन, विश्वकै ठूलो खेल उत्सवको एउटा जिम्मेवार सदस्य भएको अनुभूति भयो ।

कतिपयले भन्न सक्छन्–"जाबो स्वयंसेवक भएर पनि कति ठूलो कुरा गरेको !" तर खाडीको गर्मीमा गुमनाम भएर पसिना बगाइरहेको एउटा नेपाली श्रमिकका लागि यस्तो अवसर साँच्चिकै असाधारण हुन्छ । स्वयंसेवक भएर कुनै आर्थिक लाभ प्राप्त हुँदैन भन्ने थाहा हुँदाहुँदै पनि विश्वको सबैभन्दा प्रतिष्ठित खेल प्रतियोगिताको सफलतामा सानो योगदान दिन पाउनु आफैंमा ठूलो सम्मान हो । सञ्चारकर्मीका रूपमा पनि यो अनुभव आफ्ना पाठकसँग बाँड्ने जिम्मेवारी महसुस गरें ।

फिफा विश्वकपका लागि आवेदन खुलेपछि विभिन्न छनोट चरण पार गरेर हामीले अन्तिम जिम्मेवारी पाएका थियौं । विश्वका २०९ देशबाट चार लाख २० हजारभन्दा बढी आवेदन परेको थियो । तीमध्ये ५८ हजार जनाको अन्तर्वार्ता लिएर २० हजार स्वयंसेवक छनोट गरिँदा त्यसमा एउटा नेपाली श्रमिकका रूपमा मेरो नाम समावेश हुनु अत्यन्तै गर्वको क्षण थियो । यो मेरो व्यक्तिगत सफलता मात्र थिएन, विदेशमा पसिना बगाइरहेका हजारौं नेपालीको प्रतिनिधित्व गर्ने अवसर पनि थियो ।

विश्वकपमा दुई सयभन्दा बढी नेपाली स्वयंसेवकको सहभागिता थियो । हामी सबैले अनुशासित, सभ्य र जिम्मेवार रूपमा आफ्नो भूमिका निर्वाह गर्दै नेपालप्रतिको सकारात्मक छवि प्रस्तुत गर्ने प्रयास गर्यौं । फिफाले यातायात, पोशाक, खाना, प्रमाणपत्र तथा सम्मानस्वरूप बहुमूल्य उपहार प्रदान गरेर स्वयंसेवकहरूको योगदानको सम्मान गरेको थियो । तर ती सबैभन्दा ठूलो पुरस्कार भनेको विश्वकै महान् खेल महोत्सवको प्रत्यक्ष साक्षी बन्न पाउनु नै थियो ।

यस यात्रालाई अझ सहज बनाउन आदरणीय मित्र विश्व भट्टराईले नेपाली स्वयंसेवकहरूको ह्वाट्सएप समूह निर्माण गर्नुभएको थियो । त्यसबाट धेरै जानकारी आदानप्रदान गर्न सजिलो भयो । उहाँ र बिनेश तामाङको पहलमा नेपाली स्वयंसेवकहरूले कतारस्थित नेपाली राजदूतसँग भेट गर्ने अवसर पनि पाए, जसले हाम्रो सहभागितालाई थप अर्थपूर्ण बनायो ।

आज फर्केर हेर्दा लाग्छ–विदेशले मलाई धेरै कुरा सिकायो । परिवारबाट टाढा बस्ने पीडा पनि दियो, तर आत्मविश्वास, अनुभव र विश्व हेर्ने दृष्टि पनि दियो । बाध्यताले विदेश पुऱ्यायो, तर त्यही बाध्यताभित्र जीवनले केही यस्ता रहरहरू पनि पूरा गरिदियो, जसको कल्पना नेपालमै हुँदा गरेको थिइनँ ।

यस यात्रामा मलाई हौसला दिने मेरा परिवार, मित्र कान्ति सिंह, हेमन्त लिम्बु, मोना, सर भिभी अबु बकर बाबु, सर ओस्मान तथा विश्वकप स्वयंसेवक बन्न आवश्यक समय र सहयोग उपलब्ध गराउने रोजगारदाता कम्पनी इमाल्कोप्रति म सदैव कृतज्ञ छु ।

विदेशको जीवन केवल रेमिट्यान्स कमाउने कथा होइन । यो त्याग, जिम्मेवारी, सपना र संघर्षसँगै कहिलेकाहीँ अनपेक्षित रूपमा पूरा हुने रहरहरूको पनि कथा हो । मेरा लागि फिफा विश्वकप २०२२ त्यही रहर पूरा भएको एउटा अविस्मरणीय अध्याय हो ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ **झापाली इटा** बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२



**पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,**
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

# चैते धानको क्षेत्रफल र उत्पादन घट्दै



**दमक**/ झापामा धानखेतीको क्षेत्रफल र उत्पादन घटे पनि उत्पादकत्व भने बढिरहेको छ । आव २०८०/८१ मा चैते धानको उत्पादकत्व पाँच दशमलव २४ थियो । आव २०८१/८२ मा पाँच दशमलव ३२ पुगेको थियो भने चाल आवमा पाँच दशमलव ३५ पुगेको कार्यालयले कृषि ज्ञान केन्द्रले जनाएको छ ।

धान उत्पादनको हिसावले अब्बल मानिएको झापामा धान उत्पादनको क्षेत्रफल घटदै गएको छ । झापा जिल्लामा पछिल्लो तीन वर्षयता चैते धानको क्षेत्रफल र उत्पादन क्रमशः घट्दै गएको कृषि ज्ञानकेन्द्र झापाले जनाएको छ ।

किसानले उचित मूल्य नपाएपछि खेती गर्न छोडेपछि जिल्लामा चैते धानको क्षेत्रफल र उत्पादन क्रमशः घट्दै गएको हो । चालु आर्थिक वर्ष २०८२/८३ मा १६ हजार ७५८ हेक्टर क्षेत्रफलमा ८९ हजार ६५५ दशमलव तीन मेट्रिकटन चैते धान उत्पादन भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए । यो परिमाण गतवर्षको तुलनामा सात हजार ४७८ दशमलव सात मेट्रिकटन कम हो ।

आर्थिक वर्ष २०८१/८२ मा १९ हजार ९५० हेक्टरमा एक लाख छ हजार १३४ मेट्रिकटन चैते धान उत्पादन भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ८५० हेक्टरमा एक लाख चार हजार १४ मेट्रिकटन धान उत्पादन भएको थियो ।

मुलुकलाई चामलमा आत्मनिर्भर बनाउने सरकारी योजनामा मुख्य कडी मानिएको चैते धानको उचित मूल्य नपाएपछि किसानले विकल्प खोज्न थालेका छन् । उत्पादकत्वमा केही सुधार देखिए पनि उचित बजार मूल्य र सरकारी खरिद नीतिको अभावका कारण कृषकहरू चैते धानको विकल्प खोज्न थालेका हुन् । उचित मूल्य नपाएपछि अधिकांश किसान धानखेती छाडेर मकै तथा अन्य बालीतर्फ मोडिएका छन् । आव २०८२/८३ मा जिल्लामा ४६ हजार १२५ हेक्टरमा गरिएको मकैखेती गरिएको थियो । जसमा दुई लाख ८३ हजार १८७ दशमलव ८८ मेट्रिकटन उत्पादन भएको थियो ।

गत आव २०८१/८२ मा ४४ हजार ६२० हेक्टरमा तीन लाख ५१ हजार ४२६ दशमलव ४५ मेट्रिकटन मकै उत्पादन भएको थियो । यस पटक वर्षाका कारण मकै उत्पादनमा कमी आए पनि उत्पादकत्व सात दशमलव ८८ बाट वृद्धि भई सात दशमलव ८९ पुगेको केन्द्रका प्रमुख विष्टले जानकारी दिए ।

धान सुपरजोन कचनकवलकी किसान पुष्पा रिमालले चैते धानको मूल्य नपाउँदा कृषक मकैखेतीतर्फ आकर्षित भएका बताइन् । धानको मूल्य नै नपाएपछि मकैखेती गरेँ, उनले भनिन् - 'मकैको मूल्य राम्रो भए पनि यस वर्ष वर्षाले नोक्सान गऱ्यो ।'

किसानले ६०० देखि ६५० प्रतिमनेमा चैते धान बिक्री गरिरहेका कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले जानकारी दिए ।

सरकारले चालु आर्थिक वर्षका लागि चैते धानको मूल्य प्रतिक्विन्टल दुई हजार ८५६ रुपियाँ ४९ पैसा तोकिएको थियो । जुन गतवर्षको तुलनामा ५५ रुपियाँ आठ पैसाले बढी हो । गत साउनमा सरकारले चालु आवका लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य तोकेको थियो । सरकारले मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार ४६३ र मध्यम धानको रु तीन हजार ६२८ निर्धारण गरेको थियो । चैते धानको न्यूनतम समर्थन मूल्यअनुसार प्रतिमन धानको मूल्य रु एक हजार १४२ दशमलव चार हुन्छ । किसानले रु ६०० देखि रु ६५० पाइरहेका छन् ।

'वर्षे धानको क्षेत्रफल बढाउने ठाउँ हाम्रो देशमा अब बाँकी छैन, त्यसैले चामलमा आत्मनिर्भर हुनका लागि चैते धानकै क्षेत्रफल र उत्पादन बढाउनुको विकल्प छैन', उनले भने । यदि सरकारले न्यूनतम समर्थन मूल्यमा किसानको धान आफैँ खरिद गरिदिने वा बजार मूल्य सुरक्षित गर्ने ग्यारेन्टी गर्दैन भने चैते धानको खेती अझै घट्दै जानेछ, जसले मुलुकमा गम्भीर खाद्य संकट निम्त्याउन सक्छ ।

## विज्ञानका कुरा

# झरनाबाट बग्दा चाहिँ पानी किन सेतो देखिन्छ ?




कुनै पनि वस्तुमा सूर्यको प्रकाश परेपछि त्यहाँ ठोक्किएर सूर्यको प्रकाश फर्कने गर्छ । यसरी फर्केको सूर्यको प्रकाश हाम्रो आँखामा परेपछि हामी त्यो वस्तु देख्ने गर्छौं । त्यसै गरी पानीबाट पनि सूर्यको प्रकाश ठोकिएर फर्कने गर्छ । समथर रुपमा बगेको पानीले एउटा ऐनाको जस्तो काम गर्छ । जस्तो सूर्यको प्रकाश आउँछ त्यसरी नै त्यो फर्कने गर्छ । त्यसैले त्यो बिना रङ्गको देखिन्छ । तर झरनाबाट झरेको पानी भने विभिन्न थोपाहरुमा टुक्रिने गर्छन् ।

यसरी टुक्रेका पानीका थोपाहरुले प्रकाशलाई विभिन्न कोणमा परिवर्तित गर्ने गर्छ । त्यही भएर तिनीहरु सेता देखिने गर्छ । सूर्यको प्रकाश विभिन्न कोणमा बाँङ्गिएर हाम्रो आँखामा पऱ्यो भने सेतो रंगको देखिन्छ ।

यो कुरा ऐनामा पनि लागु हुन्छ । चिल्लो सतह भएको ऐना रंगहिन देखिन्छ । तर त्यही ऐनाको सतहलाई खस्रो बनाउने हो भने त्यहाँबाट पनि प्रकाश विभिन्न कोणमा बाँङ्गिएर फर्कने भएको हुँदा त्यो सेतो देखिन्छ ।

## जानीराखौं



सबभन्दा बढी आयु भएको प्राणी : *कछुवा (३०० वर्षसम्म)*

हवाइजहाजको गति नाप्ने यन्त्र : *हैकोमिटर*

दूधको शुद्धता जाँच्ने यन्त्र : *ल्याक्टोमिटर*

इटालीको मुद्रा : *लिरा*

माछाको समूह : *स्कुल*

"मेरो मष्तिस्क नै मेरो प्रयोगशाला हो" भन्ने वैज्ञानिक : *अल्वर्ट आइस्टाइन*

च्छो रोल्पा हिमताल रहेको जिल्ला : *दोलखा*

"जनमत बन्दूकभन्दा पनि ठूलो हुन्छ" भन्ने विश्वप्रसिद्ध व्यक्ति : *अब्राहम लिंकन*

सर्वप्रथम अन्तरिक्षको यात्रा गर्ने व्यक्ति: रुसी नागरिक यूरी गागरिन (१२ अप्रिल, १९६१ मा)।

मदर टेरेसाको जन्म र मृत्यु भएको देश *:जन्म: अल्वानिया, मृत्यु: भारत।*

## स्वास्थ्य

# गर्धन कालो हुने रोगको निधान कसरी गर्न सकिन्छ ?



**दमक**/ गर्धन कालो देखिनु फोहोर जम्मा भएर नभई इन्सुलिन प्रतिरोध, पीसीओएस, हार्मोनल असंतुलन, मोटोपना वा आनुवंशिकी जस्ता स्वास्थ्य समस्याका कारणले हुन सक्छ । छाला विशेषज्ञका अनुसार क्रिमले समस्या पूर्ण निको नभए पनि रेटिनोइड्स, युरिया वा ल्याक्टिक एसिड क्रिमले कालो दागलाई केही हदसम्म हल्का बनाउन सकिन्छ ।

सरसरफाइमा कमी वा फोहोर वा मयल जम्म भएर गर्धन त्यस्तो देखिएको हामी सोच्छौं । तर गर्धनमा कालो देखिनुका कारण फोहोर जम्मा भएर होइन । केही स्वास्थ्य समस्याको कारणले पनि यस्तो हुन सक्छ । मानिसहरू प्रायः फोहोर वा पर्याप्त सरसफाइको कमीको कारण गर्धन कालो देखिन्छ भनेर सोच्छन् । तर यो पूर्णतया गलत हो । गर्धन कालो देखिनुलाई एक्यान्थोसिस निग्रिनेक्स भनिन्छ । गर्धन कालो हुनुका धेरै कारणहरू सक्छन् । इन्सुलिन प्रतिरोध, पीसीओएस, हार्मोनल असंतुलन, मोटोपना, वा कहिलेकाहीं आनुवंशिकीको कारण पनि यस्तो हुन्छ ।

**कसरी गरिन्छ यसको उपचार ?**

छाला विशेषज्ञहरू क्रिम लगाउनाले यो समस्या निको हुँदैन भन्छन् । तौल व्यवस्थापन, इन्सुलिन प्रतिरोधलाई सम्बोधन गर्ने, र पीसीओएस वा पीएमओएस व्यवस्थापन गर्ने लाभदायक साबित हुनेछ । गर्धनको कालोपनबाट छिटो छुटकारा पाउन, तपाईं छाला विशेषज्ञसँग परामर्श गर्न सक्नुहुन्छ । छाला विशेषज्ञको मार्गदर्शन मात्र तपाईंले केमिकल पिल वा लेजर उपचारको साथ यो समस्या समाधान गर्न सक्नुहुन्छ ।


**कुन परीक्षणहरू गर्नुपर्छ ?**

समस्या कम गर्न तपाईंले क्रिमको साहारा पनि लिन सक्नु हुन्छ । छाला विशेषज्ञहरूका अनुसार क्रिमहरूले समस्यालाई पूर्ण रूपमा निको त पार्दैनन् । तर तिनीहरूले कालो दागहरूलाई थोरै हल्का बनाउन सक्छन् । यसको लागि रेटिनोइड्स, युरिया, वा ल्याक्टिक एसिड क्रिमहरू प्रयोग गर्न सकिन्छ ।

## विश्वकप विशेष

### कसरी टऱ्यो मेसी र रोनाल्डोबीचको

# क्वार्टरफाइनलमा हुन सक्ने भेट ?





**एजेन्सी**/ फुटबल इतिहासकै दुई महान् खेलाडी लियोनेल मेसी र क्रिस्टियानो रोनाल्डोबीच फिफा विश्वकपको मञ्चमा हुन सक्ने भनिएको 'महाभिडन्त' को सम्भावना लगभग समाप्त भएको छ ।

अपेक्षा गरिए बमोजिम अर्जेन्टिना र पोर्चुगल आ–आफ्नो समूहको विजेता बनेको खण्डमा क्वार्टरफाइनलमा यी दुई स्टार आमनेसामने हुने समीकरण तय थियो । इन्टरनेट र सामाजिक सञ्जालमा समेत निकै चर्चा पाएको यो सम्भावित खेललाई पोर्चुगलको अप्रत्याशित नतिजाले पूर्णविराम लगाइदिएको छ ।

शनिबार भएको समूह 'के' को अन्तिम खेलमा कोलम्बियासँग ०–० को बराबरीमा रोकिएपछि पोर्चुगल समूह उपविजेतामा सीमित हुन पुग्यो । सोही समूहमा कोलम्बिया शीर्ष स्थानमा रहँदै अघिल्लो चरण प्रवेश गरेको छ । यस नतिजाले पोर्चुगललाई नकआउट तालिकाको अर्कोतर्फ धकेलिदिएको छ, जहाँ उसले अन्तिम ३२ मा क्रोएसियाको सामना गर्नेछ भने उक्त खेल जितेमा अन्तिम १६ मा स्पेनसँग भिड्ने सम्भावना रहनेछ । अर्कोतर्फ, लियोनेल मेसीको टिम अर्जेन्टिनाले भने अन्तिम ३२ मा केप भर्डेको सामना गर्नेछ ।

आफ्नो खेलजीवनमा यी दुई खेलाडीले हालसम्म ३६ पटक प्रतिस्पर्धा गरिसकेका छन्, जसमा मेसीले १६ खेल जित्दै २२ गोल गरेका छन् भने रोनाल्डोले ११ खेल जित्दै २१ गोल गरेका छन् । उनीहरूबीचको अन्तिम भेट सन् २०२३ को जनवरीमा पेरिस सेन्ट जर्मेन (पिएसजी) र साउदी अल–स्टार्सबीचको मैत्रीपूर्ण खेलमा भएको थियो । हाल फरक–फरक महाद्वीपका क्लबबाट खेलिरहेका र सन् २०३० को आगामी विश्वकपमा सहभागिताको सम्भावना न्यून रहेका यी दुई खेलाडीबीचको यो नै अन्तिम विश्वकप भिडन्त हुन सक्थ्यो । अब यी दुई टोली प्रतियोगिताको फाइनलमा पुगेको खण्डमा मात्र मेसी र रोनाल्डोको भेट मैदानमा सम्भव हुनेछ, अन्यथा विश्वकपमा यी दुई जादुगरको आमनेसामने हेर्ने फुटबल प्रशंसकको चाहाना अधुरै रहनेछ ।

### झापादेखि ताप्लेजुङसम्मको सडक वर्षेनी अवरुद्ध

# वर्षा भएपछि आवागमनमा समस्या



**दमक**/ पूर्वी नेपालको लाइफलाइन मानिने झापाको चारआलीदेखि ताप्लेजुङ सदरमुकाम फुङ्लिङ बजारसम्म (२६८ किमी) सडकमध्ये यात्रामा सबैभन्दा सास्तीको सामना गर्नुपर्ने क्षेत्र मेची राजमार्गको झापा-इलाम खण्डको राजदुवाली हो । गत असोज १८ गतेदेखि लगातार तीन दिन परेको वर्षापछि झन्डै एक महिना उक्त राजमार्ग अवरुद्ध बन्यो । इलाम नगरपालिका-९ राजदुवालीमा वर्षौंदेखि दोहोरिँदै आएको पहिरोले सडक अवरुद्ध हुँदै आएको छ । पहिरोभन्दा पनि यो क्षेत्रको भौगोलिक अवस्था नै यहाँको मुख्य समस्या हो । सडक हरेक वर्ष भासिने र जोखिमपूर्ण हुने गर्छ । बिहान ठिकठाक भएको सडक साँझ भासिएको हुन्छ भने साँझ ठिकठाक भएको सडक बिहान कहाँ थियो भनेर खोज्नुपर्ने अवस्था हुन्छ ।

असोज १८ गतेको वर्षापछिको पहिरोले राजमार्ग मात्रै होइन, इलाम लगायत पूर्वका जिल्लामा ठुलै भौतिक तथा मानवीय क्षति समेत निम्त्यायो । सरकारले इलामलाई तीन महिनाका लागि विपद्ग्रस्त क्षेत्र घोषणा समेत गरेको थियो । राजमार्गसँगै वैकल्पिक सडक र त्यहाँ भएका पुल समेत क्षतिग्रस्त बन्दा राहत पुऱ्याउन समेत समस्या भएको थियो ।

"धेरै वर्षदेखि समस्या दिइरहेको पहिरो भएकाले यसको मर्मतसम्भारको ठेक्का लगाइसकेर काम गर्ने तयारी अन्तिम चरणमा हुँदा गत वर्ष पहिरो खस्यो । त्यसपछि पहिरो स्टेबल बनाएर काम गरिरहेका छौँ," सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराई भन्छन् ।

पहिरो व्यवस्थापनको वर्तमान अवस्थाबारे सोधिएको प्रश्नमा उनी भन्छन्, 'अप्ठ्यारो आउने अवस्था त होइन तर तलबाटै पर्खाल लगाउन खन्दा माथिबाट माटो खसेर बाटो साँघुरिएको अवस्था थियो,' उनले थपे, 'राति पानी पर्दा पहिरो गएकै ठाउँबाट माटोसहितको भेल बगेको छ ।'

डिभिजन प्रमुख भट्टराईका अनुसार सडकको आधार निर्माणका लागि ग्याबियन वाल र आरसिसी वाल निर्माणको काम भइरहेको छ ।

गत वर्ष पनि यस्तै असामान्य वर्षाका कारण इलामसहित पूर्वी नेपालमा ठूलो क्षति भएको थियो । विनाशकारी वर्षाले मुख्य राजमार्गसँगै वैकल्पिक सडकका पुलसमेत बगाएपछि उद्धार र राहतका काममा ठूलो समस्या परेको थियो ।

इलाम नगरपालिका निवासी निरज खड्काका अनुसार राजमार्गको रुट परिवर्तन गर्न नपाइने कानुनी व्यवस्थाका कारण स्थानीयले थप सास्ती भोग्नुपरेको छ ।

२०७२ सालको भूकम्पले कमजोर बनाएको इलामको करिब ८-९ सय मिटर राजमार्गसहितको भूभाग गत वर्षको वर्षापछि पूर्ण रूपमा तहसनहस भएको थियो । त्यसबाट करिब १३ अर्ब रुपैयाँ बराबरको क्षति भएको अनुमान छ ।

## दैनिक राशिफल

आज मिति २०८३ साल असार १६ गते सोमबार
30 June, 2026
तिथि: पूर्णिमा



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लेँ ले लो अ): व्यापार व्यवसायमा लेनदेनमा सावधानी राख्नुहोस्।

**वृष** (इ उ ए ओ वा वि वु वे वो): कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। छरछिमेकीसँगको मनमुटाव ।

**मिथुन** (का कि कु घ ङ छ के को हा): विवादास्पद मामिलाहरूमा धेरै नबोल्दा राम्रो होला।

**कर्कट** (हि हु हे हो डा डि डु डे डो): मित्रहरूसँगको भेटघाटले मन प्रशन्न रहनेछ।

**सिंह** (मा मि मु मे मो टा टि टु टे): कार्यक्षेत्रमा अधिकारी वर्गहरूको कुरालाई बेवास्ता नगर्नुहोस्।

**कन्या** (टो प पी पँ ष ण ठ पे पो): साझेदारी व्यापारबाट लाभ प्रियजनहरूबाट उपहार प्राप्ती ।

**तुला** (रा री रु रे रो ता ती तु ते): नोकरी वा पेशामा कार्यशैलीमा सानो परिवर्तनले पनि ठूलो कार्य ।

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): घरको साज सजावटमा धन खर्च हुनेछ। ऋण उठाउन सफलता ।

**धनु** (य यो भा भी भ धा फा ढ भे): स्वास्थ्यले साथ नदिनाले कार्य समयमा सम्पादन नहोला।

**मकर** (भो जा जी खि खू खे खो गा गी): व्यापार व्यवसायमा सामान्य लाभ र हनेछ। शुभ अंक ३ रहेको छ।

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द): मान्यजनबाट आशिर्वाद प्राप्ती । मनमा उत्साह बढ्ने ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची): मनमा धेरै कुरा खेल्ने । काममा धैर्यता अपनाउनुहोला।

# महिलाको क्षमता अभिवृद्धिका लागि उद्घोषण तालिम



दमक । महिलाको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि र नेतृत्व क्षमता उजागर गर्ने उद्देश्यले पशुपति आध्यात्मिक महिला समूहले तीनदिने उद्घोषण तालिम आइतबार सम्पन्न गरेको छ ।

दमक-६ स्थित पशुपति मन्दिर परिसरमा असार १२ देखि १४ गतेसम्म सञ्चालन भएको तालिममा ५० जना महिलाको सहभागिता रहेको थियो । दमक नगरपालिकाको आर्थिक सहयोगमा आयोजित तालिममा सहभागी महिलालाई सार्वजनिक रूपमा बोल्ने कला, प्रभावकारी सञ्चार, कार्यक्रम सञ्चालन तथा नेतृत्व विकाससम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको अध्यक्ष रिता थापाले बताईन ।

समूहकी अध्यक्ष थापाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा दमक नगरपालिकाको बालबालिका शाखाकी अधिकृत सरिता गिरी प्रमुख अतिथि रहेकी थिइन् । समापन कार्यक्रममा सोही शाखाकी अधिकृत जमुना पौडेलको प्रमुख आतिथ्यता रहेको जानकारी थापाले गराईन ।

थापाका अनुसार तालिमको सहजीकरण चन्द्रसूर्य संस्थाका प्रोप्राइटर विश्व अधिकारी र प्रशिक्षक भवानी रेग्मीले गरेका थिए । उनीहरूले उद्घोषण कला, आत्मविश्वास अभिवृद्धि, प्रभावकारी प्रस्तुतीकरण र सञ्चार सीपका विविध पक्षबारे प्रशिक्षण दिइएको थियो ।

कार्यक्रममा समूहकी पूर्वअध्यक्ष डोयना दाहाल, बिमला केसी, राधाकृष्ण मन्दिर व्यवस्थापन समितिका महासचिव कृष्ण तिमिल्सना तथा सचिव निर्मला भट्टराईलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन समूहकी सदस्य बिमला पोखरेलले गरेकी थिइन् ।

समापन समारोहमा बोल्दै अध्यक्ष थापाले महिलाहरूलाई घरको घेराभित्र मात्र सीमित नराखी सामाजिक, सांस्कृतिक र सार्वजनिक क्षेत्रमा सक्रिय बनाउन यस्ता सीपमूलक तालिम आवश्यक रहेको बताइन् । उनले तालिमले सहभागी महिलामा आत्मविश्वास वृद्धि हुनुका साथै आफ्ना विचार निर्धक्क रूपमा व्यक्त गर्ने क्षमता विकास हुने विश्वास व्यक्त गरिन् ।

२०६८ सालमा स्थापना भएको पशुपति आध्यात्मिक महिला समूहमा हाल करिब ३०० महिला आबद्ध छन् । समूहले महिला सशक्तीकरणसँगै सामाजिक, धार्मिक तथा सामुदायिक हितका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको अध्यक्ष थापाले जानकारी दिइन् ।

***भ्रष्टाचार*....**निर्माण भएकोभन्दा बढी काम भएको देखाई अस्वाभाविक दर राखी र सम्झौता बमोजिमको जनसहभागिता रकम कट्टा गरी नक्कली बिल भरपाईका आधारमा २२ लाख एक हजार ६६५ बराबरको रकम भुक्तानी गरेको आयोगको भनाइ छ । आयोगले दुर्गाथली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मकरबहादुर मण्डेल, लेखापाल प्रेमप्रसाद पौडेल, छविसपाथीभेरा गाउँपालिकाका इन्जिनियर हिक्मत रावल र सब इन्जिनियर बमबहादुर बोहराविरूद्ध २२ लाख एक हजार ६६५ बराबरको बिगो माग दाबी गरेको छ ।

छविसपाथीभेरा गाउँपालिकाका तत्कालीन उपाध्यक्ष राधिकाकुमारी रतला, वडा नं ६ का वडाअध्यक्ष मोहनलाल विकविरूद्ध पनि समान बिगो बराबरको मागदाबी गरिएको छ ।

बाँठपाली देवता मन्दिर निर्माण समितिका अध्यक्ष कृष्णबहादुर बुढा, सचिव जयबहादुर बुढा र कोषध्यक्ष मधुलीदेवी बुढाविरूद्ध पनि समान बिगो र कैद सजायको माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

## ट्राफिकले हटायो गृहमन्त्री र सचिवको गाडीको कालो सिसा

**दमक**/ ट्राफिक प्रहरीले गृहमन्त्री र गृह मन्त्रालयका सचिव चढ्ने गाडीको कालो सिसा हटाएको छ । गृहमन्त्री सुधन गुरुङ र सचिव राजकुमार श्रेष्ठ चढ्ने सरकारी गाडीको सिसामा जडान गरिएको कालो स्टिकर काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट खटिएको टोलीले हटाएको हो । कालो सिसाको स्टिकर हटाउन डीएसपी सुनिलजंग शाह सिंहदरबार पुगेका हुन् । ट्राफिक प्रहरीलाई बोलाएर कालो सिसा हटाउन लगाइएको गृह मन्त्रालयका प्रवक्ता (सहसचिव) आनन्द काफ्लेले बताए ।

ट्राफिक प्रहरीले गाडीमा जडान गरिएको कालो सिसाका स्टिकर आइतबार देखी हटाइरहेको छ । उपत्यकामा चल्ने निजी तथा सार्वजनिक सवारीमा जडान गरिएको कालो सिसाका स्टिकर हटाउने अभियान नै सुरु गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी (एसपी) नरेश सुवेदीले बताए ।

***विद्यार्थी*....**कदम चालेको हो । शिक्षा क्षेत्रमा राजनीतिक दलको हस्तक्षेप अन्त्य गर्न, विद्यार्थीका वास्तविक समस्या र आवाजलाई सही ढङ्गले सम्बोधन गर्न तथा खस्कँदो शैक्षिक गुणस्तर सुधारका लागि यो निर्णय गरिएको निर्देशनालयका उप प्रशिक्षक सन्देश कुमार रेग्मीद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

रुनिर्देशनअनुसार अबको ६० दिनभित्र विश्वविद्यालय तथा विद्यालय हाताभित्र रहेका दलीय विद्यार्थी संगठनका संरचनाहरू पूर्ण रूपमा हटाइसक्नुपर्नेछ । त्यसैगरी, दलीय संरचना हटाइएको ९० दिनभित्र विद्यार्थीहरूको साझा र स्वतन्त्र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि 'स्टुडेन्ट काउन्सिल' वा 'भ्वाइस अफ स्टुडेन्ट' नामक नयाँ संयन्त्रको विकास गरिने जनाइएको छ । निर्देशनालयले यस कार्यलाई तोकिएको समय सीमाभित्रै सम्पन्न गरी सोको जानकारी यथाशीघ्र उपलब्ध गराउन समेत सबै विभागहरूलाई निर्देशनानुसार अनुरोध गरेको छ ।

***कृषिमा*.....** वर्ष २०७७/७८ मा २ अर्ब १७ करोड ३८ लाख रूपैयाँभन्दा बढी खर्चेर ४५ हजार २ सय ८४ टन बीउ आयात गरिएको भन्सारको अभिलेख छ ।

धेरै फलाउने महत्वाकांक्षामा बिना-नियमन भित्र्याइएका चिनियाँ र भारतीय हाइब्रिड बीउका कारण नेपालको रैथाने बीउ हराउँदै गएको छ । यसले खेतीको लागत बढाउनुका साथै जलवायु परिवर्तन र रोगव्याधि सहन नसक्ने जोखिम निम्त्याएको छ ।

आकाशे पानी र रासायनिक मलको अनिश्चित आपूर्तिमा टिकेको नेपाली कृषिलाई केवल कागजमा उत्पादकत्व बढेको देखाएर दिगो बनाउन सकिँदैन । कोशी प्रदेशको धानको सुपरजोन मानिने झापासहित देशैभर खेतमा हिलो छ्यापाछ्याप गर्दै दही-चिउरा खाएर उत्सव मनाउनु सांस्कृतिक रूपमा जति सुन्दर छ, यसको भित्री पाटो उति नै निराशाजनक छ ।

जमिन बाँझो रहने क्रम बढ्नु, युवा जनशक्ति पलायन हुनु र बीउदेखि चामलसम्मको परनिर्भरता चुलिनुले हाम्रा राष्ट्रिय नाराहरु केवल वार्षिक कर्मकाण्डमा सीमित भएको पुष्टि गर्छ । जबसम्म रैथाने बीउको संरक्षण, सिँचाइको ग्यारेन्टी र वास्तविक तथ्यांक प्रणालीका आधारमा ठोस नीति बन्दैन, तबसम्म धानमा आत्मनिर्भरता बन्न नसकिने देखिन्छ ।

***प्रधानमन्त्रीले*....** राजनीतिक बेथिति र राज्यस्रोतको दोहनविरूद्ध नयाँ मानक समेत बन्ने भएको छ । सुशासन कायम गर्ने अभिभारा बोकेर बनेको नयाँ पुस्ताको सरकारले लिएको यो कदम निकै महत्वपूर्ण समेत छ । उसो त उनले चितवन बसाईमा सरकारी सवारी साधन र सरकारी सुविधा प्रयोग गरेका थिएनन । हिसाबमा चार दिनको तलब सामान्य भएपनि यसले बोकेको नैतिक सन्देश र सुशासनको भार निकै महँगो छ । बालेनको यो सानो तर अर्थपूर्ण कदमले सिङ्गो राजनीतिक वृत्तलाई नै झक्झकाएको छ ।

## चीनद्वारा २० जापानी संस्था कालो सूचीमा

**एजेन्सी**/ चीनले थप २० जापानी संस्थालाई आफ्नो निर्यात नियन्त्रण (कालो सूची) मा समावेश गरेको छ । बेइजिङले राष्ट्रिय सुरक्षा तथा अन्तर्राष्ट्रिय अप्रसार दायित्वको हवाला दिँदै ती संस्थामाथि दोहोरो उपयोग (डुअल-यूज) सामग्रीको निर्यातमा प्रतिबन्ध लगाएको जनाएको छ ।

चीनको वाणिज्य मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा जापानको सैन्य क्षमता विस्तारमा संलग्न २० संस्थालाई निर्यात नियन्त्रण सूचीमा राख्ने निर्णय गरिएको उल्लेख गरेको छ । मन्त्रालयका अनुसार उक्त निर्णय राष्ट्रिय सुरक्षा र हितको रक्षा तथा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने उद्देश्यले गरिएको हो ।

यस कदमसँगै पछिल्ला केही महिनादेखि बेइजिङ र टोकियोबीच जारी तनाव थप चर्किने संकेत देखिएको छ । जापानी प्रधानमन्त्री सानाए टाकाइचीले ताइवानमाथि आक्रमण भएमा जापानले सैन्य प्रतिक्रिया दिन सक्ने संकेत दिएपछि दुई देशबीचको सम्बन्ध थप तनावपूर्ण बनेको थियो । चीनले भने ताइवानलाई आफ्नो भूभागको हिस्सा मान्दै आवश्यक परे बल प्रयोग गरेर नियन्त्रणमा लिने अडान दोहोऱ्याउँदै आएको छ ।

यसअघि फेब्रुअरीमा पनि चीनले टोकियोको सैन्य क्षमता विस्तारमा सहयोग गरेको आरोप लगाउँदै दर्जनौं जापानी कम्पनीमाथि निर्यात प्रतिबन्ध लगाएको थियो ।

## बाढीपहिरोले राजमार्ग अवरुद्ध

**दमक**/ देशका विभिन्न स्थानमा बाढी, पहिरो तथा सडक मर्मत कार्यका कारण केही राजमार्गहरु पूर्ण तथा आंशिक रूपमा अवरूद्ध भएका छन् ।

भोजपुर नगरपालिका-५ बोखिम क्षेत्रमा २०८३ साल वैशाख १२ गतेदेखि आएको बाढीका कारण मध्यपहाडी लोकमार्ग प्रभावित भएको छ । उक्त सडक हाल एकतर्फी सञ्चालन भइरहेको छ भने वैकल्पिक मार्गको समेत व्यवस्था गरिएको छ ।

इलाम नगरपालिका-९ राजदुवाली क्षेत्रमा २०८३ असार १३ गते खसेको पहिरोका कारण मेची राजमार्ग पूर्ण रूपमा अवरूद्ध भएको छ । सडक खुलाउने प्रयास जारी रहेको जनाइएको छ ।

काभ्रेपलाञ्चोक जिल्लामा २०८३ जेठ २२ गतेदेखि संभावित बाढीको जोखिमलाई मध्यनजर गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबेंसी सडकखण्डमा सवारी आवागमनमा विशेष सतर्कता अपनाउन आग्रह गरिएको छ ।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ र ४ अन्तर्गत पर्ने कुलेखानी-फाखेल-हुमाने-फर्पिङ-काठमाडौं सडकखण्डमा सडक मर्मत कार्य सञ्चालन गरिने भएकाले उक्त सडकमा सवारी साधन सञ्चालन रोक लगाइएको छ । सम्बन्धित निकायका अनुसार वि.पी. राजमार्ग सडकखण्डअन्तर्गत पर्ने उक्त मार्ग एक महिनासम्म पूर्ण रूपमा बन्द रहने छ ।

***संविधान*...**अपेक्षाअनुसार प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्दै त्यसलाई नयाँ ढंगले पुनर्संरचना गर्नुपर्ने एजेन्डा पनि प्रतिवेदनमा समेटिएको छ । रास्वपाले संसद्मा आवश्यक संख्या र राजनीतिक सामर्थ्य हासिल गरेपछि यी एजेन्डालाई कार्यान्वयनमा ल्याउन संविधान संशोधन गर्ने प्रतिबद्धता जनाएको छ ।









# एम्नेष्टीको वार्षिक साधारण सभा



**दमक**/ एम्नेष्टी इन्टरनेसनल नेपाल समूह-७५ दमकको १४औं वार्षिक साधारण सभा शनिबार दमक-५ स्थित ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठान नेपाल केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ । समूह संयोजक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा आयोजित कार्यक्रममा एम्नेष्टी इन्टरनेसनल नेपालका पूर्व केन्द्रीय सदस्य शेषकुमार निरौला प्रमुख अतिथि रहेका थिए । विशिष्ट अतिथिका रूपमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र दमककी प्रमुख सञ्चालिका राधा दिदी सहभागी भएकी थिइन् ।

कार्यक्रममा वर्तमान संयोजक हरिप्रसाद नेपाल, ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठान नेपालका उपाध्यक्ष शिवप्रसाद काफ्लेलगायतको उपस्थिति रहेको थियो । सचिव पदमप्रसाद रेग्मीले सञ्चालन गरेको कार्यक्रमको उद्घाटन प्रमुख अतिथिले पानसमा दीप प्रज्वलन तथा ब्यानर वाचन गरेर गरेका थिए ।

सह-संयोजक ठाकुरहरि पोखरेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने अनुगिरि र शुरवीर श्रेष्ठले स्वागत गान प्रस्तुत गरेका थिए । सभामा अध्यक्ष प्रेमबहादुर बस्नेतले संस्थागत प्रतिवेदन तथा कोषाध्यक्ष शुरवीर श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा चारु बस्नेत, प्रतिक्षा कार्की, रिया आचार्य र उपासना उप्रेतीले सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए । साथै, ब्रह्माकुमारी राजयोग सेवा केन्द्रकी प्रमुख सञ्चालिका राधा दिदी, समूह-६० की संयोजक नम्रता निरौला वराल तथा पूर्व कार्यसमिति सदस्य छविरमण निरौलाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

***तेस्रो*....**अभावलाई ध्यानमा राख्दै यस्तो व्यवस्था गरिएको जनाएको छ ।

पाल्पाकै रिब्दीकोट गाउँपालिकाले तेस्रो सन्तान जन्माउने परिवारलाई पाँच हजार रूपैयाँ प्रोत्साहन दिने व्यवस्था पालिकाभर विस्तार गरेको छ। गत वर्ष वडा स्तरमा लागू गरिएको कार्यक्रमअन्तर्गत तीन जना आमाले मात्रै सुविधा पाएका थिए । गुल्मीको मालिका गाउँपालिकाले भने २० वर्ष उमेर पूरा गरेका आमाले स्वास्थ्य संस्थामा बच्चा जन्माए पाँच हजार रूपैयाँ प्रोत्साहन दिने निर्णय गरेको छ । पहिलोदेखि चौथोसम्म जुनसुकै सन्तान जन्मिए पनि स्वास्थ्य संस्थामै सुत्केरी भए वा रिफर भएर बाहिर अस्पताल गए पनि यो सुविधा पाइनेछ । धनकुटाको छथर जोरपाटी गाउँपालिकाले आगामी साउनदेखि जन्मिने प्रत्येक शिशुको नाममा २० हजार रूपैयाँ बैंक खातामा जम्मा गरिदिने 'बच्चा भोलिका लखपति' कार्यक्रम घोषणा गरेको छ । उक्त रकम १८ वर्षपछि ब्याजसहित शिक्षा लगायतका प्रयोजनमा उपयोग गर्न सकिने व्यवस्था गरिनेछ । यद्यपि, धेरै परिवार अहिले एक वा दुई सन्तानको पालनपोषण, शिक्षा र स्वास्थ्य खर्च व्यवस्थापनमै संघर्षरत रहेकाले नगद प्रोत्साहनभन्दा दीर्घकालीन सामाजिक तथा आर्थिक सुरक्षा सुनिश्चित गर्ने नीति प्रभावकारी हुने धारणा व्यक्त हुँदै आएको छ ।


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय दमक, झापाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८३/०३/१६ गते मंगलबारको पूर्व सन्देश राष्ट्रिय दैनिक)**

यस बैंकको शाखा कार्यालय दमक झापाका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, **दमक, झापामा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/२६ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय **दमक, झापामा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी,इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| **क. ऋणी तथा जमानतकर्ताको विवरणः** | |
|---|---|
| **ऋणीः युवराज रिजाल** (ना.प्र.नं: ०४२०४४-२१२१, जारी मिति २०६५/११/२५, प्रतिलिपि मिति २०७६/०३/०३ जि.प्र.का. झापा) ।<br>ठेगानाः झापा जिल्ला दमक न.पा. वडा नं. १ ।<br>बाबुः बिरेन्द्र प्रसाद रिजाल ।<br>बाजेः यमनाथ रिजाल । | **जमानतकर्ताः बिरेन्द्र प्रसाद रिजाल** (ना.प्र.नं: ९१७८/६२६) जारी मिति २०४४/०४/२१, प्रतिलिपि मिति २०६१/०९/२० जि.प्र.का. झापा) ।<br>स्थाई ठेगानाः पाँचथर जिल्ला हिलिहाङ्ग गा.पा. वडा नं. ७ (साविक भारपा गा.वि.स. वडा नं. ७) ।<br>हालको ठेगानाः झापा जिल्ला दमक न.पा. वडा नं. १ ।<br>बाबुः यमनाथ रिजाल । बाजेः त्रिलोचन रिजाल । |
| **जमानतकर्ताः सरस्वती देवी अधिकारी** (ना.प्र.नं: ५६६००१३७९, जारी मिति २०४४/१२/२२, प्रतिलिपि मिति २०७६/०३/१०, जि.प्र.का. झापा) ।<br>स्थाई ठेगानाः झापा जिल्ला दमक न.पा. वडा नं. ३ ।<br>हालको ठेगानाः झापा जिल्ला दमक न.पा. वडा नं. १ ।<br>बाबु : ज्ञान प्रसाद अधिकारी ।<br>पतिः बिरेन्द्र प्रसाद रिजाल । ससुराः यमनाथ रिजाल । | **जमानतकर्ताः सुरज रिजाल** (ना.प्र.नं: ०४२०४४/११३७७, जारी मिति २०७१/०२/११, जि.प्र.का. झापा) ।<br>ठेगाना : झापा जिल्ला दमक न.पा. वडा नं.१ ।<br>बाबु : बिरेन्द्र प्रसाद रिजाल ।<br>बाजे : यमनाथ रिजाल |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. बिरेन्द्र प्रसाद रिजालको नाममा मा.पो.का. चुलाचुली, इलाममा दर्ता कायम रहेको इलाम जिल्ला चुलाचुली गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३ग, कित्ता नं. ५९४, ५४९, ५९२, ५९३ र ५४८ को क्षेत्रफल क्रमश ६७७.२६, ३४७.३७, १००६.८५, १०१५.८९ र ३३८.६३ (वर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१

२. सरस्वती देवी अधिकारी रिजालको नाममा मा.पो.का. वेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला बयरबन गा.वि.स वडा नं.९, नक्सा सिट नं. ९ध, कित्ता नं. ६२३ र ६०९ को क्षेत्रफल २२४.३५ र ६३९.१८ (वर्गमि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..............१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय दमक, झापाबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय दमक, झापामा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल